# चिशंखुगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७८/०७९

प्रदेश नं. १, नेपाल

**सहिद तथा वेपत्ता नागरिकहरुको विवरण संकलन सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०७८/११/०२)**

प्रस्तुत विषयको सम्बन्धमा चिशंखुगढी गाउँ कार्यपालिकाको मिति २०७८/१०/२० गतेको बैठकबाट स्वीकृत भएको सहिद तथा वेपत्ता नागरिकलाई निर्वाह भत्ता वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम यस गाउँपालिका भित्र बसोबास गरिरहेका नेपालमा विभिन्न समयमा भएका आन्दोलन, संघर्ष र राजनीतिक घटनाक्रमहरुमा नेपाल सरकारबाट सहिद तथा वेपत्ता परिवार भनि घोषणा भएका नागरिकहरुका लागि तपसिल बमोजिमका कागजातहरु सहित आजको मितिले १५ (पन्ध्र) दिन (मिति २०७८/११/१६) भित्र निवेदन दिनको लागि यो सूचना प्रकाशन गरिएको छ । हद म्याद नाघि आएका निवेदन उपर कुनै पनि कारवाहि नगरिने व्यहोरा अनुरोध छ ।

**तपसिलः**

**कार्यक्रमको लक्षित वर्ग**

सहिद तथा वेपत्ता नागरिक भन्नाले नेपालमा विभिन्न समयमा भएका राजनीतिक घटनाक्रम तथा आन्दोलाका क्रममा आफ्नो वलिदानि दिई साहादत प्राप्त गरेका र यसै क्रममा वेपत्ता हुन पुगि हालका मिति सम्म निजको ठाँउ ठेगाना पत्ता नलागेका नागरिकहरुका रुपमा नेपाल सरकारबाट सहिद तथा वेपत्ता सूचिमा पर्न गएकालाई बुझिन्छ ।

**आवश्यक कागजातहरु**

१. हकवालाको लिखित निवेदन,
२. मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ,
३. वेपत्ता नागरिकको हकमा सो को निस्सा वा प्रमाण,
४. जिल्ला प्रशासन कार्यालयको व्यहोरा खुलेको सिफारिस पत्र,
५. नागरिकता प्रमापत्रको प्रतिलिपि, नाता प्रमाणितको प्रतिलिपि, बालबालिका भए जन्मदर्ताको प्रतिलिपि,
६. संरक्षकको हकमा वडा कार्यालयको सिफारिस,
७. लक्षित वर्ग नागरिकको बसोबास गरेको वडा कार्यालयको सो अवस्था खुल्ने सिफारिस ।
८. कुमारी बैकको व्यक्तिगत बैक खाता विवरण ।

सिंहराज डाँगी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः सम्बन्धित सबै (१-८) वडा कार्यालयहरु, शिक्षक, अभिभावक, राजनीतिक दलहरु लक्षित वर्गको निवेदन संकलन तथा निर्वाह भत्ता वितरणमा आवश्यक सहयोग, सहजीकरण र समन्वय गरिदिनु हुन अनुरोध छ ।*